bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY



आँवुखैरेनी-३, तनहुँ, फोन : ०६५-५९०५९०, ९८२६६०१८८१ (बजाज मोटरसाइकल सोरूम अगाडि)

वर्ष ४१ अंक १५६ | २०७९ असोज २८ गते शुक्रबार, नेपाल सम्वत् ११४२ October 14, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# आम निर्वाचन २०७९ : सम्पर्क कार्यालय स्थापना गरी निर्वाचन गतिविधि अगाडि बढाउन थाले तनहुँका उम्मेदवारहरूले

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँका राजनीतिक दल तथा स्वतन्त्र रूपमा उम्मेदवार बनेकाहरूले आ-आफ्नो निर्वाचन सम्पर्क कार्यालय खोल्न थालेका छन् । निर्वाचन सम्पर्क कार्यालय खोली उम्मेदवारहरूले आ-आफ्नो पक्षमा मत माग्दै निर्वाचन लक्षित गतिविधि अगाडि बढाउन थालेका छन्।

तनहुँका दुई प्रतिनिधिसभा र चार प्रदेशसभा निर्वाचन क्षेत्रका उम्मेदवारहरूले चुनाव चिन्ह प्राप्तगरेसंगै अहिले चुनावी तयारीमा जुटेका छन् । नेकपा (एमाले)ले दुबै निर्वाचन क्षेत्रमा सम्पर्क कार्यालय खोल्ने तथा नगर कमिटी, गाउँकमिटी तथा वडा कमिटी भेला गरी चुनावी तयारीमा जुटेको छ।

तनहुँ निर्वाचन क्षेत्र नं. १ ले विहीबार भानु नगरपालिकामा नगरकमिटी बैठक गरेको छ भने क्षेत्र नं. २ ले पनि शुक्लागण्डकी नगरपालिकाका विभिन्न वडामा सम्पर्क कार्यालय तथा कार्यकर्ता भेला गरी निर्वाचन गतिविधि अगाडि बढाएको छ ।

नेकपा (एमाले) शुक्लागण्डकी-८ ले पाटनमा तनहुँ क्षेत्र नं. २ प्रदेश सभा (क) को निर्वाचन सम्पर्क कार्यालय स्थापना गरेको छ । एमालेका प्रदेश कमिटी सदस्य समेत रहेका तनहुँ क्षेत्र नं. २ प्रदेश सभा (क) का उम्मेदवार श्यामराजा महतले कार्यालयको उद्घाटन गरेका हुन् ।

सो अवसरमा बोल्दै उम्मेदवार महतले ढोर क्षेत्रबाट पहिलोपटक संसदीय राजनीतिमा जाने मौका मिलेको बताउँदै यस क्षेत्रका जनताले अत्याधिक महतले विजयी गराउने विश्वास व्यक्त गरे । उनले जनताको जनजिविका, भ्रष्टचार विरूद्ध आवाज उठाउने र निति निर्माणका लागि आफ्नो मुख्य भूमिका रहने प्रष्ट पारे ।


तनहुँ क्षेत्र नं. २(१) को शुक्लागण्डकी-८ मा नेकपा (एमाले) नगर कमिटीले निर्वाचन सम्पर्क कार्यालय स्थापना पश्चात समुहिक तस्विरमा नेता कार्यकर्ताहरू । *तस्विर : भञ्ज्याङ*

उनले यस क्षेत्रको सम्मुनत विकासकालागि पाँच वर्षको कार्यकालमा समर्पित रहने उल्लेख गर्दै भने, 'मलाई प्रदेश सभामा पठाउनुहोस, मतदाताको शिर निहुराउने काम नगरी, इज्जतका साथ आउनेछु ।'

नेकपा एमाले शुक्लागण्डकी नगर कमिटी अध्यक्ष मुक्तिनाथ तिम्सेनाले गठबन्धनको सरकार बनेपछि देशमा अस्थिरता आएको बताए । 'परमादेशको आदेशले एमालेका सरकार ढल्यो,' उनले थपे, त्यसपछिका समय हेर्नुस त, सरकार जोगाउने मात्र खेल छ । देशमा स्थिरता र समृद्ध नेपाल निर्माणको लागि एमाले सरकार अपरिहार्य छ।'

२०७४ को निर्वाचनमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रका साझा उम्मेदवार माओवादी नेतृ आशा कोइरालाले कांग्रेसका केन्द्रीय सदस्य प्रदिप पौडेललाई सो क्षेत्रमा ५ मतको अन्तरले पराजित गरेकी थिइन् । अहिले कांग्रेस नेता पौडेल काठमाडौं-५ बाट उम्मेदवार भएर चुनावमा होमिएका छन् ।

यसअघि माओवादी केन्द्रले जितेको सो क्षेत्रमा यसपटक पनि सत्ता गठबन्धनको तर्फबाट माओवादीका केन्द्रीय सदस्य राजेन्द्रकेशरी न्यौपाने चुनावी प्रतिष्पर्धामा छन् । नेकपा एमाले शुक्लागण्डकी-८ वडा कमिटी अध्यक्ष मोहन पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव कुल बहादुर भुजेलले गरेका थिए ।

**तनहुँ विकासको जिम्मा हामी लिन्छौ : नेता पौडेल**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँ विकासको जिम्मा आफूहरूले लिने बताएका छन् । व्यास नगरपालिका-१४ स्थित प्रसिद्ध धार्मिकस्थल छाब्दीवाराहीमा विहीबार दर्शनपछि स्थानीयसँगको भेटघाटमा उनले अवरूद्ध भएको विकास निर्माणको जिम्मा अब आफूहरूले लिने बताएका हुन् ।

मंसिर ४ गते हुने निर्वाचनका लागि तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार पौडेलले गत निर्वाचनमा कांग्रेस हार्दा जिल्लाको विकास रोकिएकाले अबको निर्वाचनमा कांग्रेस नेतृत्वको

बाँकी अन्तिम पेजमा

# तनहुँमा ५७ उम्मेदवार कायम, दुई लाख ४८ हजार मतदाता

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँमा ५७ उम्मेदवार कायम भएका छन् । दुई प्रतिनिधिसभा र चार प्रदेशसभा सदस्य निर्वाचनका लागि ६२ जनाले उम्मेदवारी दर्ता गराएकामा पाँच जनाले फिर्ता लिएपछि ५७ उम्मेदवार कायम भएका हुन् ।

तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि १५, प्रदेशसभा १ का लागि ११ र प्रदेशसभा २ का लागि सात जनाको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । तनहुँ-२ को प्रतिनिधिसभा सदस्यका लागि १०, प्रदेशसभा १ का लागि आठ र प्रदेशसभा २ का लागि छ जनाको उम्मेदवारी कायम छ ।

तनहुँ क्षेत्र नं १ तर्फ दुई र तनहुँ क्षेत्र नं २ तर्फ तीन जनाले उम्मेदवारी फिर्ता लिएका छन् । तनहुँ क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिनुभएका स्वतन्त्र उम्मेदवार विश्व बाँस्तोला र प्रदेशसभा १ तर्फ उम्मेदवारी दिएका स्वतन्त्र उम्मेदवार नगेन्द्र पौडेलले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिए ।



तनहुँ क्षेत्र नं २ अन्तर्गत प्रदेशसभा २ का जनता समाजवादीका उम्मेदवार पूर्णबहादुर गुरूङ, प्रदेशसभा १ का नेपाली कांग्रेस (बीपी)का उम्मेदवार डा शेषरमण न्यौपाने र स्वतन्त्र उम्मेदवार प्रेम परियारले उम्मेदवारी फिर्ता लिनुभएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयले सबै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेको छ ।

तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि नेकपा (एमाले)बाट एकबहादुर राना, नेपाली कांग्रेसबाट रामचन्द्र पौडेल, जनता समाजवादी पार्टीबाट पासाङ थापामगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विनोदकुमार घर्ती, नेपाल मजदुर किसान पार्टीबाट रामकृष्ण त्वायना, हाम्रो नेपाली पार्टीबाट प्रवीण पौडेल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट कृष्णप्रसाद पौडेल, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रेमबहादुर थापा, नेश्नलिष्ट पिपल्स पार्टीबाट ताजमहमद मियाँ, राष्ट्रिय जनमुक्ति पार्टीबाट हस्तबहादुर किचिम थापा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट विकास सिग्देल चुनावी मैदानमा हुनुहुन्छ।

स्वतन्त्रतर्फ गोविन्दराज जोशी, रामचन्द्र कार्की, बेलबहादुर दरै र पृथ्वीनारायण श्रेष्ठ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । तनहुँ क्षेत्र नं २ तर्फ नेकपा (एमाले)बाट किरण गुरूङ, नेपाली कांग्रेसबाट शङ्कर भण्डारी, राप्रपाबाट नरेन्द्रप्रताप महत, नेपाल मजदुर किसान पार्टीबाट रामहरि गोरा, हाम्रो नेपाली पार्टीबाट विष्णु पराजुली, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रविना थापामगर, राष्ट्रिय जनमुक्ति पार्टीबाट लालबहादुर सार्की गोतामे, नेपाली कांग्रेस (बिपी)बाट पुष्पराज पराजुली, जनसमाजवादी पार्टी नेपालबाट खड्कबहादुर विक र राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजय जोशी चुनावी मैदानमा हुनुहुन्छ ।

तनहुँ क्षेत्र नं १ प्रदेशसभा १

बाँकी अन्तिम पेजमा

# नवौं राष्ट्रिय खेलकुद : उद्घाटन समारोह विशेष हुने

**कृष्ण दवाडी**/कास्की

गण्डकी प्रदेशमा शुक्रबारदेखि औपचारिक सुरू हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सम्पूर्ण तयारीको काम सकिएको आयोजक राष्ट्रिय खेलकुद परिषद्(राखेप)ले आज साँझ यहाँ पत्रकार सम्मेनल गरी जानकारी दिएको छ। प्रतियोगिता उद्घाटन, खेल सञ्चालन र खेल पूर्वाधार स्तरोन्नति लगायतका सबै तयारी पूरा भएको राखेपले जनाएको छ । 'एकताबद्ध देश, खेलकुदको सन्देश' नारासहित पोखरा रङ्गशालाबाट राष्ट्रिय खेलकुदको शुक्रबार अपरान्ह समुद्घाटन गरिने छ। असोज २८ देखि कात्तिक ३ गतेसम्मको तोकिएको मितिअगावै केही खेल सुरू भए पनि लामो समयको प्रतिक्षापछि औपचारिक उद्घाटन हुन लागेको छ । उद्घाटन समारोहलाई भव्य र उल्लासपूर्ण बनाउने गरी दुई सातादेखि तयारी गरिएको छ। समारोहमा सातै प्रदेशका संस्कृति झलिक्नेछन् भने पोखरा रङ्गशाला सिँगारिएको छ । राष्ट्रिय खेलकुदको उद्घाटनका लागि उपराष्ट्रपति नन्दकिशोर पुन पोखरा आइसक्नुभएको छ ।

उद्घाटन समारोहमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट मार्चपास, सातै प्रदेशका सांस्कृतिक झाँकी, विद्यार्थीबाट ड्रिल प्रदर्शन र विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना हुने राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले बताउनुभयो। उहाँका अनुसार केही चुनौतीलाई सामना गरेर प्रतियोगितालाई भव्य बनाउन गर्नुपर्ने सबै काम सकिएका छन् । उहाँले भन्नुभयो, 'प्रतियोगिताको अन्तिम तयारी गरिरहँदा अपेक्षा नगरिएको वर्षाका कारण मौसमले केही दिन चुनौती दिए पनि मूलभूतरूपमा प्रतियोगिताको भव्य तयारी गरेका छौं। तोकिएका खेल कार्यतालिका अनुसार नै सञ्चालन भएका छन् ।'

समारोहमा सातौं दक्षिण एशियाली खेलकुदका स्वर्ण पदकधारी तथा ओलम्पियन टीकाबहादुर बोगटीले ओलम्पिक टर्च प्रज्वलन गर्नुहुनेछ । प्रतियोगितामा सहभागी ११ टोलीको मस्कटसहित मार्चपास हुनेछ । राष्ट्रिय खेलकुदमा ३६ खेल र दुई प्रदर्शनी गरी ३८ खेल समावेश गरिएको छ । प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआएरएनको एक गरी ११ टोलीका छ हजार १५७ जना खेलाडी सहभागी हुँदैछन् । प्रतियोगितामा कूल पदक संख्या स्वर्ण तीन सय ९३, रजत तीन सय ९३ र कास्य ६०० रहेको परिषद्ले जनाएको छ ।

त्यसैगरी प्रशिक्षक, खेल पदाधिकारी र अफिसियल गरी नौ हजारको प्रतियोगितामा सहभागिता रहने सदस्य सचिव घिसिङले जानकारी दिनुभयो । उहाँका अनुसार सबै खेलाडी आआफ्नो खेलस्थल र सम्बन्धित जिल्लामा पुगिसकेका छन्। तोकिएका खेल स्थलको मर्मत सकिएको छ भने खेलाडी तथा अफिसियलको बसोबासको व्यवस्थापन गरिएको छ । गण्डकी प्रदेशका आठ जिल्लामा प्रतियोगिता अन्तर्गतका खेल हुँदैछन् । उद्घाटनमा देशका सात प्रदेशको संस्कार र संस्कृति गीत, सङ्गीत, नृत्य र झाँकीका माध्यमबाट समारोहमा झल्किनेछ । नेपाली सांस्कृतिक विविधतालाई राष्ट्रिय खेलकुदको उद्घाटनले प्रतिनिधित्व गर्नेछ । नेपालको भूगोल र ठाउँ विशेषअनुसारको मौलिक संस्कृति प्रस्तुत गर्नेगरी नृत्य र झाँकी प्रदर्शन हुने समारोह उपसमितिले जनाएको छ। उद्घाटन समारोह दुई घण्टाको हुनेछ । प्रदेश नं १ को राई/लिम्बूको चर्चित साकेला नृत्य, मधेसको सतार र धिमाल जातिको मौलिक नृत्य उद्घाटनमा प्रस्तुत गरिनेछ ।

यसैगरी बागमतीको नेवारी संस्कृति, गण्डकीको कौडा, घाँटु र लोकगीत, लुम्बिनीको थारू संस्कृति, कर्णालीको मगर समुदायको झ्याउरे र सुदूरपश्चिमको हुर्केली गीत र झाँकी प्रस्तुत समारोहमा प्रदर्शन हुने राष्ट्रिय खेलकुद परिषद्का कार्यकारी सदस्य एवं समारोह उपसमितिका संयोजक एकेन्द्रबहादुर कुँवरले बताउनुभयो । उहाँका अनुसार नेपालको हिमाल, पहाड र तराईको भौगोलिक विविधता र त्यसभित्रको जातीय र सांस्कृतिक फरकपनलाई झल्काउने गरी झाँकीहरू प्रस्तुत हुनेछन् । उहाँले भन्नुभयो, 'उद्घाटन समारोहले समग्र प्रतियोगिताको विशेष अर्थ राख्दछ । नेपालको इतिहासमै पर्यटकीय र खेलकुदको सहरमा राम्रो र उल्लासमय वातावरणमा उद्घाटन समारोह बनाउने छौं, सिङ्गो देश खेलकुदमय हुनेछ ।'

CYCLE STATION
तनहुँ साइकल सप्लायर्स
व्यास-२, न्यूरोड, दमौली, तनहुँ
प्रो. जीवन कुमार श्रेष्ठ
फोन : ०६५-५६००८३, ९८५६०६०५९९
हामी कहाँ विभिन्न ब्राण्डका बच्चा साइकल, गियर साइकल, माउन्टेन बाइक पाईनुका साथै सुपथ मुल्यमा मर्मत पनि गरिन्छ ।

निखिल ढाका कपडा तथा सटिङ्ग-सुटिङ्ग उद्योग


व्यास-१ र २, दमौली, तनहुँ ।
मो. ९८४१८०००६१, ९८०६६७३३४४
प्रो. विष्णु एण्ड कला
हाम्रा सेवाहरू : यहाँ ब्राण्डेड सटिङ्-सुटिङ् कपडा, ढाका टोपी, साडी, व्यागहरू, दौरा सुरूवाल आदि पाइनुका साथै सम्पूर्ण कपडाहरू सिलाईको पनि राम्रो व्यवस्था गरिएको छ ।

# सम्पादकीय .........

www.bhanjyangnews.com

## राजनीति तातिदै, मौम चिसिदै

असोज महिना सकिदै गर्दा चिसो बिस्तारै बढ्दै छ । यसर्थ यस वर्षको उखमौंलो गर्मी सक्गिसक्यो । मुलुकका सात वटै प्रदेश र संघीय संसदको निर्वाचन हाम्रो विशेष सांस्कृतिक विरासत बोकेको दशै पर्व अविरल झरिका कारण आधा राजनीति, आधा दशै र झरि कै बिचमा बित्यो । यस वर्षको अर्को सांस्कृतिक चाड दिपावली हाम्रा घर आँगनमा झुल्किने तरखरमा छ । यता राष्ट्रिय राजनीतिलाई संघ र प्रदेशको निर्वाचनले छपक्कै छोप्दै लगेको छ । अहिले नेपाली जनजीवन चुनवी वातावरणमा प्रवेश गर्दैछ । यता कृषकहरू असारमा रोपको धान पाक्ने क्रम सुरू भएपछि थन्काउने तायारीमा जुटेका छन् । यी विविध विषयले सामाजिक सञ्जालका भित्ताहरू चाहिने भन्दा बढि रगिंन र तरंगित पनि हुँदै गएका छन् । साढे तीन दशक यता २०४६ सालको परिवर्तन २०५२ सालबाट सुरू भएको सशस्त्र द्वन्द्व, वृहत शान्ति सम्झौता त्यस पछिको २/२ पटकको २०६४ फागुन २८, २०६९ को दोस्रो संविधानसभा निर्वाचन, जम्भो संविधानसभा र संविधानसभाद्वारा जारी २०७२ को संविधान (हाम्रो नेपाली विशेषताको समावेशी समानुपातिक चरित्र बोकेको) यी यावत घटनालाई अहिलेको नयाँ पीढि बीचका तन्नेरी र वयस्क सबैले नजिकबाट नियालिरहेको राष्ट्रिय राजनीति, दलका नेता, नेतृत्व रूपी आस्वासनका बिस्कुन हामी सबैले देखेकै भोगेकै विषय थियो, हो ।

आसन्न निर्वाचनमा तनहुँबाट दुई लाख ४८ हजार ४९५ मतदाता सहभागी हुँदैछन्। गत जेठ महिनादेखि यता चार हजार १५५ नयाँ मतदाता थपिएका छन् । विसं २०७९ को वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा दुई लाख ४४ हजार ३४० मतदाताले मतदान गरेका थिए । यस्तै, संघीय तथा प्रदेशको निर्वाचनमा मतदान केन्द्र, मतदानस्थलको साथै अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको छ । सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, कैदीबन्दी र आश्रममा रहेका ज्येष्ठ नागरिकका लागि लक्षित गरी अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ । सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीले संघीय संसद्को समानुपातिक उम्मेदवारलाई मात्रै मतदान गर्न पाउने व्यवस्था गरिएको छ । अन्यको हकमा भने संघीय र प्रदेश दुवै उम्मेदवारलाई मतदान गर्न पाउने छन् । उक्त निर्वाचनमा यस जिल्लाबाट पुरूष एक लाख १९ हजार ६५० र महिलातर्फ एक लाख २८ हजार ८४५ जनाले मतदान गर्दै छन् । जिल्लाका ८५ वडामा गरी १४२ मतदानस्थल र ३०५ मतदान केन्द्रको व्यवस्था गरिएको छ । तनहुँका दुई निर्वाचन क्षेत्रमा छ पदका लागि विभिन्न राजनीतिक दल तथा स्वतन्त्रबाट गरी ५७ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्।

यता राष्ट्रिय राजनीति सोचे भन्दा फरक अपेक्षा भन्दा भिन्न बाटोतर्फ उन्मुख हुन थालेको हो की भन्ने आशंक उब्जिएको छ । यही आशंकका बादलहरूका बीचमा दोस्रो चक्रको संघ र प्रदेशको निर्वाचन आगामी २०७९ मंसिर ४ गते एकै चरणमा सम्पन्न हुँदै छ । मुलकभरका झण्डै १ करोड ७८ लाख बढी मतदाताहरू निर्वाचनमा सहभागि हुँदैछन् । यसर्थ निर्वाचन अब ३८ दिन मात्र बाँकी छ । अनौठो र आश्चर्यको विषय निर्वाचन भन्दा अगावै भिन्न पृष्ठ भूमि र गन्तव्य बोकेका दलहरूका बिचमा भएको चुनावी गठबन्धनले चुनावी परिणाम के कस्तो हुने हो अहिले नै भविष्यवाणी गर्नु निरर्थक हुन सक्छ । आम जनता र मतदाताका बिचमा देखा परेको निरासा दलिय कार्यकर्ताहरूको कतै कुण्ठा, कतै उत्साहहरू परिदृश्यमा देखा परिरहेका छन् । मुलुकलाई आर्थिक उन्नतिको बाटोमा डोऱ्याउन राजनीतिक परिवर्तनको मुद्दामा जीवन खर्चिएका दलका नेताहरूको सुख सुविधा र दलभित्रको गुटतन्त्र अझ परिवारवादको हाविले आम कार्यकर्ता र मतदातामा निरासा छाइरहेको छ । यो निरासा हटाउन र मुलुकलाई स्थायित्व प्रदान गर्दै समृद्ध नेपाल सुखी नेपालीको मार्गचित्रमा हाम्रो संविधानले परिकल्पना गरेको समाजवादको बाटो अवलम्वन कसरी हुन्छ ? जिज्ञासा सर्वत्र छ । मुलुकलाई परिवर्तनको मार्गमा अगाडि बढाउन राणा शासन निरंकुश पञ्चायती शासनका विरूद्ध गरिएका संघर्षहरूको फलस्वरूप संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको हो । आम जनताले लक्षित बाटोलाई दिग्भ्रमित नपार भान्दै नेपथ्यबाट खवरदारि गरिरहेका छन् । हामी चाहान्छौ निर्वाचनले राजनीतिक स्थायित्वको साथै आर्थिक क्रान्तिको बाटोमा अगाडी बढ्ने दिशा निर्देश गर्नेछ ।




### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# यसपालीको चुनावमा प्रभाव पार्ने तत्व

## निर्वाचनप्रतिको निराशा, अविश्वास, वितृष्णा र पलायनका कारण के हुन?

रघुनाथ अधिकारी 'निलमशेखर'

**निर्वाचनलाई हेर्ने दृष्टिकोण**

मैले मेरो घर नजिकैका एक अधबैंसे पुरूषलाई 'हैन दाइ चुनाव आएछ नि!' भनी कुरा गरें। उनले प्रतिक्रिया दिए 'हेर भाइ जाल, झेल र तिकडम गर्न जान्ने, अनि रूपैयाँ खर्च गर्न सक्ने मानिस निर्वाचित हुने हुन्। पहिले के के न गर्छु भनेर बाचा गर्छन्। घर घर आएर नमस्कार गर्छन्। चुनाव जितिसकेपछि नाक मुख देखाउने हैनन्। कतै भेट भए पनि चिनेको नचिने झैं गर्ने हुन्। सबै लुट्ने नै हुन्, यिनीहरुमा कतिपय त पुरानै अनुहारका छन्, धेरै जसो नयाँ अनुहारका आएर लुट्ने हुन्- चुनावमा ।' उनी त्यतिकैमा रोकिएनन् 'हामी जनताको सेवा गर्ने हौं भन्छन्, चुनावका बेला देखापर्छन्, अरू बेला हराउँछन्। प्रायः सबैका शहर बजारमा घर छन्, आधा भन्दा धेरैका घर त काठमाडौंमै पनि होलान्। छोराछोरीलाई विदेशका महँगा स्कुलमा पढाउँछन् । हाम्रा स्कुलको हविगत यस्तो छ। राजनीति फोहोरी खेल हो भाइ। हामी जस्तो पारिवारिक हैसियतका मानिसले चुनावका बारेमा सोच्न पनि सकिदैन'।

यी दाइले चुनावका बारेमा उनको धारणा राखेपछि हामी आ-आफ्नो बाटो लाग्यौं। मेरा मनमा अनेक कुरा खेल्न थाले। यी दाइको भनाइको सार खिच्दा निर्वाचनप्रतिको निराशा, अविश्वास, वितृष्णा र पलायन थियो। केही दिन अघि मैले एउटा राजनीतिक दलका उपल्लो स्तरका नेताज्यूको भाषण सम्झिएँ। उनको भनाइ थियो 'नेपाली जनताको क्रान्तिको उपलब्धि खोस्ने गम्भीर प्रकारको प्रतिगामी षड्यन्त्र भइरहेको छ। यो निर्वाचनमार्फत यो षड्यन्त्रलाई निस्तेज पार्दै क्रान्तिका उपलब्धिहरुको रक्षा गर्नु छ'। म अर्का नेताज्यूको भाषण सुनिरहेको थिएँ 'हाम्रो राष्ट्र अभूतपूर्वरुपमा खतरामा छ। यो राष्ट्र नै रहने हो कि होइन भन्ने प्रश्न उठेको छ। तसर्थ यसपटक हामीलाई हार्ने सुविधा छैन। जसरी पनि जित्नु छ।' अर्को नेताको भनाइ थियो 'जनताको बलिदानबाट स्थापित लोकतान्त्रिक परिपाटी खतरामा परेको छ। हाम्रो दलले हार्यो भने सम्झनोस् मुलुक र लोकतन्त्रले हाऱ्यो, जनताको हार भयो। तसर्थ हामीले जसरी पनि जित्नु छ'।

माथिको पहिलो अनुच्छेद भित्र निर्वाचन प्रतिको वितृष्णा र अकर्मण्यता छ भने पछिल्लो अनुच्छेदले निर्वाचनको पक्षधरता देखाउँछ। यी माथिका भनाइका अतिरिक्त अन्य विभिन्न कोणबाट पनि निर्वाचनप्रतिको दृष्टिकोण बनाउने र टीका टिप्पणी हुने गरेका छन्। मूलभूतरुपमा यस्ता टीकाटिप्पणीहरुको विश्लेषण गर्दा तीन खाले दृष्टिकोणहरु पाइन्छन्। यस्ता दृष्टिकोणमा अहिलेको लोकतान्त्रिक गणतान्त्रिक संविधान र यो प्रणाली प्रति वा वर्तमान संविधानप्रति पूर्ण वफादार मूलधारको भित्रको दृष्टिकोण, यो प्रणालीको सम्पूर्ण परिवर्तन चाहने दृष्टिकोण र अर्को तटस्थ दृष्टिकोण। यी मोटा दृष्टिकोणहरु भित्र अनेकौं उपदृष्टिकोणहरु भए/रहेका देखिन्छन्/सुनिन्छन्। वर्तमान संविधानको पक्षधरता हुँदाहुँदै पनि यसको क्रमागत सुधारको पक्षधरता भएका दृष्टिकोणहरु र यथास्थितिवादी दृष्टिकोणहरु पनि रहेका छन्। संविधानको परिवर्तन चाहने खेमाभित्र पनि भिन्न नमुनाका प्रणालीका समर्थकहरुका भिन्नभिन्न दृष्टिकोणहरु रहेका छन्। उता तटस्थताको दृष्टिकोणहरु भित्र पनि यो वर्तमान संविधानको धुरीतर्फ ढल्किएका र संविधानतर्फ पिठ्युँ फर्किएकाहरु पनि छन्। कतिपय भने बैरागी, उदासीन र तटस्थहरु पनि छन् जसका लागि यो निर्वाचन नाटक मञ्चनका रुपमा देखापर्ने एक सांसारिक घटना मात्र हो । यस्ता विभिन्न दृष्टिकोणहरूलाई यस आलेखमा निम्नानुसार प्रस्तुत गरिन्छ।






**संविधान पक्षधर मूलधारका दल**

संविधानको पक्षधर शक्तिहरु यो निर्वाचनमा सहभागी हुने पहिलो शक्ति हुनुका साथै वर्तमानको शक्ति सन्तुलनमा निर्णायक पनि हुन्। संविधान पक्षधरहरुको जमात भित्र पनि विभिन्न दल, संगठन, दृष्टिकोण तथा विचार समूह, दबाब समूह आदि पर्न आँउछन्। उनीहरु भित्र यथास्थितिवादी, सुधारवादी, क्रान्तिकारी र पश्चगामी कित्ताका पक्षधर समेत रहेका छन्। संविधानको अंश मात्रै पनि परिवर्तन गर्ने आवश्यकता नभएको ठान्नेदेखि लिएर संविधानलाई सुधार गरेर लानुपर्ने र संविधान भित्रैबाट संविधानमा आमूल परिवर्तन गर्नुपर्ने शक्तिहरु पनि यस भित्र रहेका छन्। संविधानका पक्षधर शक्तिहरु भित्र पनि यथार्थमा नवउदारवादी लोकतान्त्रिक धार, समाजवादी/साम्यवादी धार र मधेसवादी धार गरिकन मुख्य तीन प्रकारका शक्ति र दृष्टिकोणहरु रहेका छन्। यी तीन धारभित्र भोटबैंकको हिसाबमा उनीहरुको सिद्धान्त र विचारका दृष्टिकोणबाहेक बाक्लो मत रहेका (पकेट) क्षेत्रहरु छन्। नेपालमा वर्तमान संविधानलाई अस्वीकार गर्ने मूलतः उग्रवामपन्थी शक्ति र घोरदक्षिणपन्थी शक्तिहरु रहेका छन्। उग्रवामपन्थी शक्तिहरु समाज विकासको वस्तुगत आधार र परिपक्वताभन्दा पनि आत्मगत आग्रहका आधारमा कल्पित समाजवादी/साम्यवादी राजनीतिक प्रणालीको परिकल्पना गर्दछन्। घोर दक्षिणपन्थी शक्तिहरु पश्चगामी छन् र हालको राजनीतिक प्रणालीको विकल्पका रुपमा थोरबहुत परिमार्जित हुने हिजो सञ्चालित प्रणालीलाई अघि सार्दछन्। संविधानप्रति मौन र प्रष्टरुपमा विमति राख्ने अर्को शक्तिमा जातिवाद र क्षेत्रीयतावाद रहेको छ।

यस्ता मतका पकेट क्षेत्र वा भोट बैंकको कुरा गर्दा नवउदारवादी लोकतान्त्रिक धारमा शहरी मतदाताहरुका अतिरिक्त औद्योगिक र व्यापारिक पुँजीपतिवर्ग र उक्त बर्गसँग सहकार्य गरिरहेको परिवारसहित आमरुपमा छरिएर रहेका देशभरिका मतदाताहरु छन्। समाजवादी तथा साम्यवादी धार भित्र पर्ने राजनीति शक्तिहरुमध्ये आमरुपमा छरिएर रहेका देशभरिका मतदाताहरुका अतिरिक्त 'राष्ट्रवाद' र 'जनजाति राष्ट्रवाद' को नाराबाट प्रभावित हुने मतदाताहरु देखिन्छन्। मधेसवादलाई आफ्नो मूलनारा बनाउने राजनीतिक शक्तिको मुख्य भोट बैंक मधेस नै रहेको र रहने कुरामा कुनै दुईमत हुन्न। मधेसवाद भित्र पनि यथास्थितिवादी मधेसवाद, सुधारवादी मधेसवाद र आमूल परिवर्तनको पक्षधरताका मधेसवाद जस्ता फरक फरक विचार र दृष्टिकोणहरु एउटै दल भित्र पनि रहेको पाइन्छ। यो निर्वाचनमा उनीहरुका आ-आफ्नै प्राथमिकता विचार र दृष्टिकोण रहेका छन्।

माथि उल्लेखित हरेक शक्तिहरुका आ-आफ्नै उद्देश्य, अभियान र दाउपेचहरु छन्। मधेसवादी दलहरु बाहेकका दलहरु 'आफ्नो नेतृत्वमा सरकार बनाउने छौं' भनेर जनतालाई आश्वस्त पारिरहेका छन्। यता मधेसवादी दलहरु आफ्नो बहुमत नपुग्ने सर्वस्वीकृत तथ्य सामु कुनै ठूलो राजनीतिक दलसँग सहकार्य गरी अधिकतम संख्यामा आफ्ना उम्मेदवारहरुलाई जिताउन चाहन्छन् ताकी सरकार र राज्यसत्ताका विभिन्न निकायहरुमा आफ्नो पकड जमिरहोस्। वि.सं. २०४७ सालको परिवर्तनपछि प्रजातन्त्रवादी, समाजवादी/साम्यवादी र राजतन्त्रवादी दलहरुको बीचमा रहेको त्रिपक्षीय प्रतिस्पर्धामा क्रमशः मधेसवाद र जनजातीय राष्ट्रवादको उदय पश्चात अघिल्लो संसदीय निर्वाचन यता आएर स्वतन्त्र अभियान मार्फत नयाँ राजनीतिक शक्तिहरुको उदय भइरहेको छ। यी शक्तिहरु सानै आकारमा भए तापनि मुख्य शहरी क्षेत्रका मत आकर्षण गर्न सफल भइरहेका छन्।

संवैधानिक वा आलंकारिक राजतन्त्रसहितको लोकतान्त्रिक व्यवस्थामा नेपालको भविष्य देख्ने दलहरुमा केहीले उदारवादी र समाजवादी/साम्यवादी दलहरुको कमीकमजोरीको नकरात्मक प्रभावलाई भजाएर आफ्नो स्थान (स्पेस) बनाइरहेका हुन्छन्। यद्यपि मूलधारका राजनीतिक दलहरुले पनि धर्म, राष्ट्रवाद, लोकतन्त्र वा समावेशिताका नाराहरुको आकर्षण मार्फत राजतन्त्र पक्षधर दलहरुका मतदाता आफूतर्फ तान्ने कोसिस गरिरहेका छन्। यहाँ आफ्नै प्रकारको तानातान रहेको देखिन्छ। संविधान पक्षधरता भित्र नै दलित तथा उत्पीडित समाज र धार्मिक अल्पसंख्यक मतदाताहरु रहेका छन्। यी मतदाताहरु हरेक दलहरुमा विभाजित छन्। यो क्षेत्रको बहुमत अन्ततोगत्वा सुरक्षा र समावेशिताका नाममा मूलधारका राजनीतिक दलहरुमा नै गएर समाहित भइरहेको छ र हुने देखिन्छ। भौगोलिकरुपमा सीमान्तकृत क्षेत्रको भोट पनि अन्ततोगत्वा मूलधारकै दलहरुमा समाहित हुने परम्परा छ।

**निर्वाचनमा मूलधारका युवा**

मूलधारका राजनीतिक दलहरुको प्रभाव क्षेत्रभित्र रहेका युवाहरुलाई सङ्गठित र असङ्गठित गरिकन दुई खेमामा बाँडेर हेर्न सकिन्छ। सङ्गठित युवाहरु विद्यार्थी तथा युवासँग सम्बन्धित जनवर्गीय सङ्गठनका विभिन्न समिति वा त्यसका सदस्यका रुपमा क्रियाशील रहेका छन् भने असंगठित युवाहरुको मत घुमाइफिराइ मूलधारका दलहरुलाई नै हाल्ने गरेका छन् तर उनीहरु आफूलाई स्वतन्त्र देखाउँदै थप स्वतन्त्रताको परिकल्पना गर्दछन्। सङ्गठित युवाहरुमा पनि एक प्रकारको मनोवैज्ञानिक उदात्तपन देख्नेगरिन्छ जसअनुसार उनीहरु दलहरुको परम्परागत नियन्त्रणकारी लगामबाट आफूलाई स्वतन्त्र भएको सोच्दै नयाँ र रचनात्मक बाटोको खोजी गर्ने गर्दछन्। यदाकदा उनीहरुका फरक विचारहरु पनि नसुनिने होइनन् तर पुनः दलहरुको नियन्त्रणकारी लगाम भित्र उनीहरु खैँचाइएका हुन्छन्। अर्कातर्फ असंगठित युवाहरु भने सङ्गठित युवा र उनीहरुका परिवारको राजनीतिक नियन्त्रण भित्रपर्ने गर्दछन्।

मूलधारका राजनीतिक दल भित्रका विभिन्न संगठन र निकायहरुमा सङ्गठित

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तबाट टाढिनुपर्ला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
हल्लाको पछि लाग्दा दुःख पाइनेछ। प्रतीक्षित नतिजा उत्साहप्रद नहुन सक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
काममा साथीभाइको सहयोग जुट्नेछ । धन तथा ज्ञानको भण्डार बढ्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
अध्ययनमा सोचेजस्तो प्रगति नहुन सक्छ । व्यापारमा समेत कम मात्र फाइदा हुनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
उद्योग र व्यापारमा विशेष फाइदा हुने समय छ । शत्रु परास्त हुनेछन् ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अरुको भरले मात्र काम पूरा नहुन सक्छ । रोकिएका काम भने दोहोर्याउनुपर्ला ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
पहिलेको सफलताले थप हौसला जगाउनेछ । विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्नेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
विभिन्न स्रोत-साधन जुट्नेछन्। अड्किएको रकम उठ्नेछ र धन संग्रह पनि हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
वादविवादले समस्या निम्त्याउन सक्छ । लेनदेनमा विवाद हुन सक्छ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
आफ्ना सामानमा अरुले दाबी गर्न सक्छन्, धनमाल सुरक्षामा ध्यान दिनुहोला ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
विभिन्न अवसर प्राप्त भए पनि काममा अरुको मुख ताक्नाले पछि परिनेछ ।

# यसपालीको चुनावमा ............

बन्न पुगेका युवाहरु मध्ये जो नेतृत्वदायी ओहोदामा छन्, उनीहरूले आफ्नो माउ दल भित्र आफ्नो भविष्य देखेका हुन्छन्। उनीहरु संगठन सञ्चालनका आम नियमहरूका अतिरिक्त मूल नेतृत्वको वरिपरि गोलबन्द हुन लालायित हुन्छन् ताकि उनीहरूको कृपादृष्टि गरिरहोस् र भोलि छोटो बाटोबाट इच्छाइएको निकाय वा ओहोदामा पुग्न सजिलो होस्। उनीहरु भित्रबाट निष्ठाका साथ अभियान-राजनीति (मिसन पोलिटिक्स्) मा लाग्ने थोरै हुन्छन् र ठूलो संकट वा उथलपुथल नआएमा उनीहरूको राजनीति दलहरूको यथास्थितिवादी नोकरशाही संरचनामा त्यसै हराएर जान्छ। ती उज्यालो छर्ने सम्भावना बोकेका प्रतिभाहरु त्यतिकै निभ्ने गर्दछन्। यसरी सङ्गठित भएका युवाहरु प्रायः बेरोजगार हुने भएको हुँदा रोजगारीका लागि नेतृत्वको कृपा पाउने मृगतृष्णामा मरूभूमिमा विम्बित हुने मिथ्या जलप्रतीति (मिराज) तर्फ दौडिरहेका हुन्छन्।

रोजगारमा भएका युवाहरु दलका निम्ति कामयाबी जमात होइन। उनीहरु आर्थिकरूपमा आत्मनिर्भर नहुनेहुँदा रोजगारी प्राप्तिको आशमा युवावय नेतृत्वप्रति समर्पित गर्नुपर्ने बाध्यता रहन्न। उनीहरूलाई नेतृत्वको आदेश अवज्ञा गर्ने सामर्थ्य आर्थिक आत्मनिर्भरताले दिएको हुन्छ। नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४/७५ का अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ (के.त.वि, २०७६)। यो बेरोजगार रहेको जनसंख्यामा अधिकांश हिस्सा युवाहरूको रहेको कुरा थप पुष्टिगर्नु पर्दैन। यो तथ्यलाई हेर्दा नेपालमा प्रतिवर्ष करिब चारलाख युवाहरु श्रम बजारमा प्रवेश गर्न योग्य हुन्छन् (आइएल्ओ, २०१६)। यसरी श्रम बजारमा प्रवेश गर्न योग्यमध्ये सबैले रोजगारी पाउँदैनन्। हाल राजनीतिक दलहरूका निम्ति लडाकु दस्ताका रूपमा परिचालित भएको यही लक्षित समूह हो, अंग्रेजी भनाइ अनुसार 'a hungry man is an angry man' अर्थात् भोको मानिस रिसाएको हुने हुँदा उ मर्न र मार्न पनि तयार हुन्छ।

दलहरूको निर्वाचन अभियानका निम्ति परिचालित हुने सम्भावित जनसंख्यामा सबैभन्दा उपयुक्त लक्षित समूह यिनै युवाहरु हुन्। निर्वाचन घोषणापत्रमा उल्लेख भएको युवा रोजगार कार्यक्रमबाट आश्वस्त भएर दलको पछि लाग्ने भन्दा पनि उनीहरु दलका विभिन्न तहका नेतृत्वसँगको व्यक्तिगत सम्बन्ध र सामिप्यका आधारमा अनुबन्धित भएका पाइन्छन्। निर्वाचनको समाप्तिको करिब आधा वर्ष भित्रमा अधिकांशको मृगतृष्णा टुटिसकेको हुन्छ। 'भोको मानिस रिसाएको हुन्छ' भनिएझैँ उनीहरु दलहरु प्रति आक्रोश पोख्न थालिसकेका हुन्छन्। तर दलहरूसँग उनीहरु 'नाता सम्बन्ध', 'खाजापानी' र 'आन्तरिक द्रव्य परिचालन' सँग गाँसिएका रहेछन् भने उनीहरु तत्काल विरक्ति सकेका हुँदैनन्। अझ भावी नेतृत्वका आकांक्षी युवाहरु भने दीर्घकालीन स्वार्थका निम्ति अल्पकालीन हितको बलिदानी गर्नुपर्छ भनी मौन बसेका हुन्छन्। सानो सत्याको वाणीविहीन युवा जमात सोच्ने त गर्छ तर बोल्न सक्दैन।

**निर्वाचनमा संविधानका विपक्षी शक्ति**

नेपालमा वर्तमान संविधानलाई अस्वीकार गर्ने मूलतः उग्रवामपन्थी शक्ति र घोरदक्षिणपन्थी शक्तिहरु रहेका छन्। उग्रवामपन्थी शक्तिहरु समाज विकासको वस्तुगत आधार र परिपक्वताभन्दा पनि आत्मगत आग्रहका आधारमा कल्पित समाजवादी/साम्यवादी राजनीतिक प्रणालीको परिकल्पना गर्दछन्। घोर दक्षिणपन्थी शक्तिहरु पश्चगामी छन् र हालको राजनीतिक प्रणालीको विकल्पका रूपमा थोरबहुत परिमार्जित हुने हिजो सञ्चालित प्रणालीलाई अघि सार्दछन्। संविधानप्रति मौन र प्रष्टरूपमा विमति राख्ने अर्को शक्तिमा जातिवाद र क्षेत्रीयतावाद रहेको छ। यो शक्तिको नेपाल निर्माण प्रक्रिया मै विमति रहेको छ। यसले निर्वाचन जस्ता घटनाहरूलाई पनि आफ्नो सोच अनुसार प्रभावित गर्ने रणनीति अख्तियार गर्दछ। वर्तमान संविधानलाई उपयोग गरी यो संविधानको विरोध गर्ने राजनीतिक शक्तिहरूमा तपसिलमा उल्लेख भएबमोजिमका छन् :

**वर्गवादी उग्रवामपन्थ**

मार्क्सवादी दर्शनका अनुसार समाज वर्गीय हुन्छ र समाजमा शोषक वर्गले शोषित माथि शोषण र शासन गर्दछ। वर्तमान संविधानले निर्दिष्ट राजनीतिक प्रणालीलाई पुँजीवादी संसदीय प्रणालीका रूपमा लिँदै यसले शोषक वर्गको हित गर्ने ठान्दछन्। नेपालका साम्यवादी दलहरूले गरेको व्याख्या अनुसार नेपालमा सामन्तवाद तथा नोकरशाही दलाल पूँजीपतिहरु शोषक वर्गमा पर्दछन्। उनीहरूले सर्वहारा श्रमजीवी वर्ग जस्तो कि किसान र मजदुरमाथि शोषण र उत्पीडन गर्दछन्। यही शोषक वर्गका मानिसहरूको हालीमुहाली भएको वर्तमान राज्यसत्ता अन्तर्गत हुने निर्वाचनले शोषक वर्ग भित्रको एउटा समूह हटाएर अर्को समूहलाई सरकारमा पुऱ्याउनु मात्र हो यसले आम शोषित पीडित जनताको मुक्तिका निम्ति केही भूमिका निर्वाह गर्दैन। फलतः यस्तो शोषकवर्गको वर्ग हितको प्रस्तावना (एजेण्डा) मा हुने निर्वाचन को कुनै अर्थ छैन।

उनीहरु 'प्रतिक्रियावादी संसदीय निर्वाचन बहिष्कार गरौं !, नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढौं!' भन्ने नाराका साथ निर्वाचन बहिष्कार गर्ने अभियानमा लाग्ने गर्छन्। फलतः निर्वाचन बहिष्कार गर्न जनपरिचालन गर्ने सन्दर्भमा निर्वाचन पक्षधर र बहिष्कारवादी बीच झडप हुने सम्भावना रहेको छ। अतः यो बहिष्कारको नाराको अन्तर्य भनेको संविधानप्रतिको अस्वीकार्य र नयाँ प्रणालीको खोजतर्फको मनोविज्ञान पनि हो। साम्यवादी आन्दोलन भित्रकै अर्को हिस्सा भने वर्तमानको राज्यसत्ता र राजनीतिक प्रणालीको वर्गीय सार पुँजीपति वर्गकै भएतापनि यो निर्वाचनलाई उपयोग गरी भावी सर्वहारा क्रान्तिका लागि शक्ति सञ्चय गर्नुपर्दछ भन्ने दृष्टिकोण राखी आफ्नो माउ पार्टी हैन त्यसको मोर्चा सङ्गठनका नाममा चुनावमा भाग लिने तर सत्तामा नजाने दृष्टिकोण राखेको पाइन्छ। माउ दलले वर्तमानको संविधानलाई खुलस्त हृदयबाट समर्थन नगर्ने र सरकारमा जान अस्वीकार गर्ने प्रवृत्तिले गर्दा यस्ता मोर्चाहरु पनि संविधान विरोधी कित्तामै परेको मान्नु पर्दछ तर कानूनीरूपमा मोर्चा संगठनलाई भने वर्तमान संविधान अन्तरगतका संसदीय शक्तिका रूपमा हेरिनुपर्दछ। यस्तो समूहमाथि उग्रवामपन्थीहरूले ढुल्मुले अवसरवादी भनी टिप्पणी गर्दछन् भने उता उग्रवामपन्थी जमातलाई जडशुत्रवादी, एकोहेरा, अव्यवहारिक भनी आरोप लगाइने गरिन्छ।

**जातिवाद, क्षेत्रवाद र निर्वाचन**

नेपालको राजनीति भित्र दुईखाले जातिवादी धार रहेको छ। एउटा बहुसंख्यक जातीय अहंकार बोकेको धार र अर्को अल्पसंख्यक समूहको रूपमा रही पहिचानको आधारमा संघीयताको पुनःसंरचना चाहने सानो आकारको जातीय धार। बहुसंख्यक जातीय अहंकार बोकेको धार आफ्नो परम्परागत वर्चस्वको पुनःप्राप्तिको अभिलाषा राख्दै आफ्नो अधिकार सीमित गरिएकोमा रोष प्रकट गर्दछ। संविधानको संशोधन भएमा पहिलेको निरन्तरता कायम होस् भन्ने कामना गर्दछ र यो निर्वाचनलाई त्यो कोणबाट प्रभावित गर्न खोज्छ। उता अल्पसंख्यक जातिहरूको धार एकातिर वर्तमान संविधानलाई उपयोग गर्दै आफ्नो जातीय अभिष्टका निम्ति लागिपर्छ भने अर्कोतर्फ नेपाली राज्य सत्ताका विभिन्न अङ्गमा बहुसंख्यक जातिका रूपमा प्रतिनिधित्व हुने जनसंख्याप्रति रोष प्रकट गर्दै वर्तमानको नेपाली केन्द्रीय राज्यको विगठन र स्थानीय क्षेत्रका प्रमुख जातिहरूको वर्चस्व भएको राज्य स्थापना गर्न चाहन्छ।

नेपालभरि निर्णायक जनसंख्याको रूपमा नरहेका तर निश्चित क्षेत्रमा परम्परागत बसोबास भएका यस्ता जातीय समुदायहरु पहिचानको आधारमा राज्यको पुनर्संरचना गरी आफ्नो राज्य स्थापना गर्ने मनस्थिति राख्दै वैधानिक कार्यक्रम सञ्चालन गर्दछन्। कतिपय गुप्त प्रकारका संस्था र अभियानहरु अलगाववादी सोचले काम गरिरहेको हुन सक्ने कुरालाई नकार्न सकिन्न। खासगरिकन नेपालको केन्द्रबाट टाढा रहेका जस्तो तराई मधेस, हिमाल, कर्णाली, सुदूरपश्चिमाञ्चल जस्ता क्षेत्रहरूका केही भिन्न प्रकृतिका भौगोलिक तथा सांस्कृतिक विशेषताहरु रहेका छन्। उक्त विशेषतालाई आधार बनाएर एक प्रकारको साझा मनोविज्ञान निर्माण भएको देखिन्छ। यो साझा मनोविज्ञान अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्न चाहन्छ। राज्यको पुनर्संरचनाले धेरैजसो यो भावनाको संविधान गरे तापनि अझै पनि यो क्षेत्रीयतावादका केही अवशेष छन् जस्तो किराँत र मधेस प्रदेश।

**धार्मिक साम्प्रदायिकता र निर्वाचन**

नेपालमा प्रचलित धार्मिक सम्प्रदायहरूका आँखाले हेर्दा यो निर्वाचन आ-आफ्नो पक्षमा पार्नका निम्ति सोही बमोजिम उनीहरूका प्राथमिकता रहेका हुने देखिन्छ। अझ स्थानीय निर्वाचनमा त निश्चित धार्मिक सम्प्रदायको उम्मेदवारको हार र जितमा उक्त स्थानमा रहेका धार्मिक मतावलम्बीहरूको संख्याले निर्णायक हुने गरेको छ। हालको निर्वाचनमा हिन्दु राष्ट्रको स्थापनाको मुद्दा प्रखररूपमा उठाइएको पाइन्छ भने अन्य साना आकारका धार्मिक सम्प्रदायहरूका पनि धर्मनिरपेक्षता र बहुधार्मिक अधिकारका निम्ति प्राथमिकता रहेको देखिन्छ। जेहोस् धार्मिक सम्प्रदायमा आवद्ध मतदाताहरूको आ-आफ्नै प्राथमिकता रहेका छन्।

**प्रवासी जनसंख्या**

यो निर्वाचनमा प्रवासमा रहेका आवासीय नेपालीहरु प्रवासी कामदारहरु निर्वाचन प्रभावित गर्ने एउटा महत्वपूर्ण लक्षित जनसंख्या हो। आवासीय नेपालीहरूको संख्यालाई छोडेर भन्नु पर्दा करिव ५५ लाख नेपालीहरु विभिन्न मुलुकमा वैदेशिक श्रमिकरूपमा काम गर्दछन्। उनीहरु अहिले सामाजिक सञ्जालमा जोडिएका छन्, विदेशिनुका पीडा र अपमान महसुस गरेका छन्, विदेशको प्रगति र आफ्नो देशको स्थिति बुझेका छन्। उनीहरूले आफ्ना घर परिवार र आफन्तहरूलाई प्रभावित मात्र हैन निश्चित दल र उम्मेदवारहरूलाई आर्थिकरूपमा सहयोग गर्न समेत सक्षम बनेका छन्। अझ एनआरएनकै र पार्टी विशेषका संगठनहरूमा सङ्गठित भएका उनीहरु निर्वाचनमा आउँदा मतदाता, नआए चन्दादाता वा प्रचारक त अवश्य बन्न सक्छन्। अझ विदेशमा स्थायी बसोबास गर्ने आवासीय नेपालीहरु आफ्नो आर्थिक हैसियत र पहुँचका कारण महत्वपूर्ण जनसंख्या हुन्।

**छिमेकीहरूको चासो**

हाम्रा छिमेकीहरूमा भारत आँगन जोडिएको छिमेकी र चीन कान्लोमाथिको छिमेकीहरूमा रहेका छन्। यो निर्वाचनमा दुवै छिमेकीहरूको आफ्नै चासो छ। यो निर्वाचनबाट बन्ने नेपाली सरकार र त्यसपछिको राज्यसत्ताको नीतिले उनीहरूको राष्ट्रिय स्वार्थमा के कस्तो असर पर्ला भन्ने उनीहरूको मूल चासो हो। निर्वाचनका क्रममा मूलतः जनस्तरका सम्बन्धहरु र आर्थिक स्वार्थ भएका व्यापारिक सम्बन्धहरु प्रभावित भएका हुन्छन भने पछि गएर राज्य-राज्य बीचका सम्बन्धहरु पनि प्रभावित बन्दछन्। छिमेकीहरु चाहन्छन् निर्वाचनले आफ्नो राष्ट्रहितका निम्ति सकारात्मकरूपमा हेर्ने दलहरु विजयी बनून्। कतिपय अवस्थामा सम्बन्धित देशसँगको व्यापारमा संलग्न भएका व्यापारीहरु परिचालित हुँदा निर्वाचनका लागि आर्थिक श्रोत पनि बन्न पुगेको देखिन्छ। आफ्ना हितैसी मित्रहरूको विजयका निम्ति हुने गुप्त सहयोगहरूको सम्भावनालाई पनि नकार्न सकिन्न।

सीमापार रोटी, बेटी र भेटीको अन्तरनिर्भरतामा गाँसिएका जनताका लागि दलहरूले लिने छिमेक नीति र छिमेकीले लिने दलहरु सम्बन्ध नीति महत्वपूर्ण हुन जान्छ। यस्ता नीतिहरूबाट भोट घट्ने र बढ्ने हुन जाँदा यस्ता लक्षित मतदाताहरूलाई आकर्षित गर्ने दलहरूले विशेष नीति लिने गर्दछन् तर सीमाक्षेत्रमा सीमावारपार समुदाय (ट्रान्सबोर्डर कम्युनिटी) को बसोबास हुने हुँदा यो समुदायका आफ्नै पीडा र आफ्नै प्राथमिकता हुने गर्दछन्। जसले मतलाई प्रभावित गर्दछ।

**तटस्थ बैरागी र निर्वाचन**

समाजबाट पाको उमेर भएका सदस्यहरु, जोगी, बैरागी, उदासीन, इहलौकिक हित र स्वार्थप्रति निरास बनेका मानिसहरु निर्वाचनलाई सामान्य र भइरहने गोलाकाररूपमा हेर्छन्। 'मानव समाजमा यस्ता धेरै निर्वाचन आए र गए। धेरै व्यक्तिहरु विजयी र पराजयी बने तर ती सबै नै अस्थायी हुन्। सुख र दुख, हर्क र विस्मात, जीवन र मरण यी सबै अस्थायी हुन्। त्यसो भएको हुँदा सत्य, परमतत्त्व र परमेश्वर मात्र स्थायी हुन् ! मानिसले त्यतातर्फ सोच्नुपर्छ।' उनीहरूका भनाइ यस्तै हुने गर्दछन्।

**निष्कर्ष**

यसरी निचोडमा भन्नुपर्दा संविधान पक्षधर मूलधारका दलहरु नै यो निर्वाचनका मुख्य कर्ताहरु हुन्। उनीहरूका आ-आफ्ना सङ्गठित मतदाताका अतिरिक्त जति धेरै तटस्थ र विरोधी खेमाका मतदातालाई प्रभावित गर्न सक्दछन् त्यतिनै विजयी हुने सम्भावना राख्छन्।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

*(लेखक समाजशास्त्र तथा मानवशास्त्र विषयका अध्येता र भाषा विज्ञान विषयका अनुसन्धाता हुन्।)*



दिप इन्टरप्राइजेज्
आँबुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

असोज २९ गते शनिबार
पोखरा मणिपाल हस्पिटलका वरिष्ठ यौन, छाला तथा कुष्ठरोग विशेषज्ञ डा जयन्ती ज्वारचन आउदै हुनुहुन्छ ।
छाला तथा यौन रोगका लक्षणहरू : छाला चिलाउने, छाला सुख्खा हुने, दाद आउने-पैसा जस्तो दाद आउने, भैसे दाद आउने, शरीर चिलाउने, सेतो दुवी जस्तै शरीर सेतो, कालो, रातो दागहरू देखा पर्ने, लुतो आउने, अनुहारमा डण्डीफोर र चाया पोतो आउने आदि ।
यौन रोगका समस्याहरू : पुरूषहरूमा यौन उत्तेजना नहुनु, शीघ्रपतन हुनु, यौन इच्छा कम हुनु, लिङ्गबाट पिप बग्नु, पोल्ने, दुख्नु, चिलाउने, लिङ्गको टुप्पोमा मुसा आउने, बिबिरा आउने, पानीको फोका जस्तो आउने आदि । महिलाहरूमा पिसाब फेर्दा दुख्नु, तल्लो पेट दुख्नु, सेतो पानी बग्नु, यौन सम्पर्कको बेला पीडा हुनु, महिनावारीको समयमा धेरै रगत बग्नु, योनी चिलाउने र मसिना दाना देखापर्नु वा पानीको फोका जस्ता बिबिरा आउनु, यौन सम्पर्कको समयमा रगत बग्नु, अत्याधिक रूपमा गन्हाउने र योनीको वरिपरि पोल्ने आदि ।
हाम्रा उपलब्ध सेवाहरू :
१) डा. सुशील विकद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनबाट एक्सरे सेवा ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा । आदि
नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।
मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



व्यास-२, दमौली, तनहुँ (मिनराज कम्प्लेक्स) । ९८१६६०९६२०, ९८०५८१६९५६
सेवाहरू : हामी कहाँ स्वदेशी तथा विदेशी सोफा, वेड, दराज, टि.भी., फ्रिज, पङ्खा, टि.भी. ऱ्याक, टि-टेबल, डाइनिङ, पलाष्टिक चियर, म्याट्रेस तथा अन्य सम्पूर्ण फर्निचर तथा इलेक्ट्रोनिक्स सम्बन्धी सम्पूर्ण सामान पाइनुका साथै अर्डर अनुसार फर्निचर सामानहरू बनाउने र सोफा तथा अन्य सामानहरू होलसेल मूल्यमा बिक्री पनि गरिन्छ
पुनश्च : पुराना सोफा साटफेर गर्नुका साथै घरमै गई कोठाको साइज अनुसार कर्नर सोफा पनि तयार गरिन्छ ।

प्रो. अर्जुन अधिकारी ०६५-५६१२५३, ९८५६०६०४२४, ९८६६००१०९२
नेशनल इलेक्ट्रोनिक्स
व्यास-२, न्यूरोड, दमौली, तनहुँ


सबै किसिमको इलेक्ट्रोनिक्स सामानहरू बिक्री, मर्मत तथा साटफेरको पनि व्यवस्था रहेको छ ।



SITAZ LIFESTYLE दमौली, तनहुँ । फोन : ०६५-५९०३९४, ९८४६२४२३९४, ९८६१५४७७५९

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# तनहुँमा हुने महिला वास्केटबलमा छ प्रदेशको सहभागिता

**भञ्ज्याङ समाचारदाता/दमौली**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगत तनहुँमा महिला वास्केटबल प्रतियोगिता सञ्चालन गरिने भएको छ। जिल्लाको व्यास नगरपालिका स्थित निर्मल माध्यमिक विद्यालयको खेलमैदानमा शुक्रबार दिउँसो १ बजे प्रतियोगिताको शुभारम्भ गरिने छ । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गतका ३६ खेलमध्ये महिला वास्केटबल प्रतियोगिता तनहुँमा गर्न लागिएको हो । उक्त प्रतियोगिताका लागि आवश्यक तयारी पुरा गरिएको छ भने, प्रतियोगितामा सहभागी हुन विभिन्न प्रदेशका खेलाडी बिहीबार दमौली आइपुगेका छन् ।



महिला बास्केटबल प्रतियोगिता अन्तर्गत दुई विधामा खेल सञ्चालन हुनेछ । छ जना खेल्ने खेलमा छवटा प्रदेश र तीन जना खेल्ने खेलमा छ प्रदेशसहित आठ वटा टिमको सहभागिता रहेको जिल्ला खेलकुद विकास समिति तनहुँका अध्यक्ष अनिल पाण्डेले बताए । तीन जना खेल्ने खेलमा छ वटा प्रदेशका अतिरिक्त सशस्त्र प्रहरी र नेपाली सेनाको विभागीय टिम सहभागी हुँदैछ । प्रतियोगिताका लागि दमौली बजार क्षेत्रमा स्वागतगेट, ब्यानर टाँसिएको छ । शुक्रबार बिहान ११ बजे सम्पूर्ण जातजाति, विभिन्न क्लब, संघसंस्था, खेलाडीको सहभागितामा झाँकी प्रदर्शन गरिनेछ । झाँकी निर्मल मावि प्राङ्गणमा पुगेर उद्घाटन समारोहमा परिणत हुनेछ ।

तनहुँले पहिचानसहितको कार्यक्रम गर्ने बताउँदै अध्यक्ष पाण्डेले भने, 'नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई भव्यरूपमा सम्पन्न गर्छौं।" खेल सञ्चालनका लागि खेलमैदान तयार भइसकेको छ । खेलमैदानमा रङरोगन, सरसफाइ गरिएको छ भने मैदान सम्याउनका लागि ढलान गर्ने कार्य गरिएको छ । यहाँ रहेको दुई वटा मैदानमा खेल सञ्चालन हुनेछ ।

'खेलमैदान तयार भइसकेको छ, खेलाडी राख्नका लागि होटलको व्यवस्थापन सकिएको छ', पाण्डेले भने, 'स्थानीय सरकार, टोलवासी, दमौलीवासी खेललाई भव्यरूपमा सम्पन्न गराउन आतुर छन् ।'

खेलमैदान नजिक चेञ्जिङ रूम र शौचालय तयार गरिएको छ । असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने खेलका लागि खेलाडी, अफिसियल सहित १५६ जना दमौली आइपुगेका छन् । आवासको व्यवस्थापन राष्ट्रिय खेलकुद परिषद्ले गरिसकेको छ । खेलकुदलाई सुरक्षितरूपमा सम्पन्न गराउन जिल्लास्थित सुरक्षा निकायका प्रमुखसँग बैठक बसिएको छ । उनले भने, 'शान्ति सुरक्षालाई चुस्त बनाउन जिल्लास्थित प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखबाट सहयोगको प्रतिबद्धता व्यक्त भएको छ ।'

व्यास नगरपालिकाको आर्थिक सहयोगमा मैदान तयार पारिएको छ। व्यासले उक्त कार्यका लागि ७ लाख ६३ हजार रूपैयाँ सहयोग गरेको छ । त्यस्तै, जिल्लाका अन्य नगरपालिकासंग १/१ लाख र गाउँपालिकासंग ५०/५० हजार रूपैयाँ सहयोगका लागि आग्रह गरिएको अध्यक्ष पाण्डेले बताए ।

तनहुँबाट एथलेटिक, कवड्डी, भलिबल, फुटबल, कराते, टाइकोन्दु, बक्सिङ, स्युमिङ लगायतका खेलमा खेलाडीहरू सहभागि छन् । उनले भने, 'बालबालिकालाई विद्यालयस्तरदेखि नै खेलमा आकर्षण गरी दक्ष्य प्रशिक्षकद्वारा खेलको प्रशिक्षण दिइयो भने भविष्यमा जिल्लाबाटै अधिक संख्यामा दक्ष्य खेलाडीहरू उत्पादन गर्न सकिन्थ्यो।'

व्यासमा हुन गइरहेको महिला वास्केटबल प्रतियोगिताले खेलकुदको क्षेत्रमा मात्र नभई यहाूको पर्यटकीय क्षेत्रलाई पनि उजागर गर्न मद्दत पुऱ्याउने व्यासका नगरप्रमुख बैकुण्ठ न्यौपाने बताउँछन् । 'देशका कुना कप्चाराबाट खेलाडीहरू र उनीहरूसंगै प्राविधिक टोलीहरू पनि आउछन्', उनले भने, 'यहाँ बसिन्जेल फुर्सादको समयमा जिल्लाका पर्यटकीय क्षेत्र, धार्मिक क्षेत्र अवश्य पनि घुम्नेछन् र उनीहरू मार्फत नै यहाँका क्षेत्रहरूको प्रचारप्रसारमा टेवा पुग्नेछ ।'

यस्तै, जिल्लामा सुविधा सम्पन्न खेलमैदान लगायतका पूर्वधारको बिकास नहुँदा पनि अन्य खेल जिल्लामा ल्याउन नसकिएको उनले बताए । 'अन्य खेल खेलाउन राम्रो खेलमैदान पनि छैन । प्रतियोगिताका क्रममा आउने खेलाडी र अन्य पाहुँना राख्नका लागि आवश्यक मात्रमा होटलहरू पनि छैनन्', नगरप्रमुख न्यौपानेले भने, 'यो खेल लगातै आवश्यक पूर्वाधार जुटाउन हामीले लाग्नेछौं ।'

# आम निर्वाचन २०७९ : सम्पर्क ..........

गठबन्धनको जित अपरिहार्य रहेको बताए ।

विगतको निर्वाचनका आफू देशव्यापी लाग्नुपर्दा तनहुँका जनतामा भ्रम उत्पन्न भई निर्वाचन हारे पनि यसपटक तनहुँका जनताको साथ आफूलाई प्राप्त हुने पौडेलले विश्वास






व्यक्त गरे ।

'देशलाई सुशासन चाहिएको छ, राजनीतिक स्थिरता चाहिएको छ, नेपालको अनुकूल विकास चाहिएको छ', पौडेलले भने, 'त्यो कांग्रेसको नेतृत्वमा मात्र सम्भव छ।'

जिल्लामा कांग्रेसकै नेतृत्वमा थुप्रै विकास भएपनि विकास भएन भनेर विपक्षीले अनावश्यक प्रचार गरेको आरोप लगाउँदै पौडेलले भने, 'जनतालाई भ्रमको सिकार बनाइयो, गाउँ–गाउँमा विकास पुगेको छ, सडक पुगेको छ, अब कालोपत्र गर्छौं ।'

यस्तै, नेता पौडेलले सत्तारुढ गठबन्धनको दुई तिहाई बहुमत आउने दाबी गरेका छन् । नेपाली कांग्रेस क्षेत्र नम्बर १ तनहुँले विहीबार बिपी स्मृति भवन दमौलीमा गरेको अगुवा कार्यकर्ता अन्तरक्रिया कार्यक्रममा उनले दुई तिहाई बुहमत ल्याउनैका लागि गठबन्धन भएको स्पष्ट पारे ।

'संविधान, गाउँको अधिकार, दलित, महिला, अल्पसंख्यक, उपेक्षित वर्ग, जनजातिले पाएको अधिकार रक्षाका लागि गठबन्धन अपरिहार्य छ', उनले भने, 'नेपालको संविधानको रक्षा र प्रतिगमन विरूद्धको लडाइँका लागि गठबन्धन आवश्यक परेको हो।'

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले जनताको लामो संघर्ष, त्याग र बलिदानीले प्राप्त लोकतान्त्रिक अधिकारलाई समाप्त पार्ने खेलका विरूद्ध सत्तारुढ गठबन्धनका उम्मेदवारलाई विजयी गराउन कार्यकर्तालाई आग्रह गरे।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का पोलिटब्युरो सदस्य तथा तनहुँ क्षेत्र नं. १ को २ का उम्मेदवार हरिबहादुर चुमानले गठबन्धनले जनताको अधिकार रक्षा गर्न सकेको उल्लेख गर्दै गठबन्धनकै नेतृत्वमा पुनः सरकार बनाउन चुनावी तालमेल गर्नुपरेको बताए।

**निर्वाचन कार्यालय उदघाटनसँगै जोशीको चुनावी अभियान सुरू**

तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य उम्मेदवार गोविन्दराज जोशीले निर्वाचन लक्षित सम्पर्क कार्यालय स्थापना गरेका छन् । व्यास–२ स्थित बालमन्दिर मावि अगाडी खोलिएको कार्यालयको बिहीबार जोशीले उदघाटन गरे । कैची चुनाव चिन्ह लिएर निर्वाचनमा होमिएका जोशीले कांग्रेसमा बढेको विकृति र विसंगतिका विरूद्धमा आवाज उठाउन प्रतिनिधिसभामा उम्मेदवार बनेको बताए ।

कांग्रेस बिसर्जनको बाटोमा अगाडी बढेको भन्दै उनले भने, 'कांग्रेसमा विकृति र विसंगति बढेको छ ।' कार्यक्रममा वरिष्ठ अधिवक्ता परशुराम गिरी, सुकुम गुरूङ, कमलभक्त पोखेल, इन्द्र दरै लगायतले यस पटक जोशीलाई अत्याधिक मत सहित विजयी गराउनुपर्ने बताए ।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौ

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरूको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

**त्यसैले,**

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter



**कुमार कार्की**
twitter.com/SonOfKarki

आवश्यकता भन्दा बढि जुनसुकै कुराले पनि हानी गर्छ चाहे त्यो प्रेम होस् घृणा होस् महत्वकांक्षा होस् धन होस् या चाहे त्यो अभिमान नै किन नहोस् !



**लता न्यौपाने**
twitter.com/Lata97138912

जिन्दगीमा कि त टक्कर कि त ठक्कर दिने दुइ प्रकारका मान्छेहरू सँग भेट हुनुपर्छ ! अनि मात्र जिन्दगी साच्चिकै जिउनुको मज्जा हुन्छ । टक्कर लिनेले हार्न हुँदैन भन्ने कुरा सिकाउँछन् ! भने ठक्कर दिनेले चोट खाएर लडेर फेरि उठनुपर्छ भन्ने कुरा सिकाउँछन् ।



**मोहन प्रसाद मैनाली**
twitter.com/mohanmainali

हामीमा विविध इच्छा,चाहना, आकांक्षाहरु हुन्छन् । ति सबै पूरा हुँदैनन् । परिश्रम, त्याग र धैर्यबाट जेजति प्राप्त हुन्छन् त्यो नै सुखसत्ता हो, त्यसको सदुपयोग गर्नुपर्छ । सानो सुखमा सन्तुष्टि लिन नसक्दा लोभ उत्पन्न हुन्छ जसले मानिसलाई सुखी र खुशी हुन दिदैन । सबैको भलो होस्, जय होस् ।



**छोरी**
twitter.com/Nepali_Daughter

सुन्दरताले लोभिएको आँखाको हेराईलाई होईन ब्यक्तित्वले लोभिएको आत्माको हेराईलाई बुझ्ने कोसिस गरौं, जहाँ सन्तुष्टिको झल्को प्रस्ट देखिएको हुन्छ अनि आत्मा सम्मानको अमिट रौनकता टलक्क टल्किरहेको हुन्छ !

# तनहुँमा ५७ उम्मेदवार ........

तर्फ एमालेबाट रामबहादुर गुरूङ, कांग्रेसबाट अशोककुमार श्रेष्ठ, जनता समाजवादी पार्टी नेपालबाट अर्जुन गुरूङ, मौलिक जरोकिलो पार्टीबाट चिजकुमार श्रेष्ठ भन्ने बाबुराम आले, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट विजयकुमार शाही, मङ्गोल नेशनल अर्गनाइजेशनबाट भीमबहादुर लामा, नेकपा (एकीकृत समाजवादी)बाट विद्यानाथ ढकाल, राप्रपाबाट विवेक न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीबाट भुवनसिं थापा, स्वतन्त्रबाट हरिराज जोशी र रामबहादुर थापा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

तनहुँ क्षेत्र नं १ प्रदेशसभा २ तर्फ एमालेबाट पूर्णबहादुर गुरूङ, नेकपा (माओवादी केन्द्र)बाट हरिबहादुर चुमान, जनता समाजवादी पार्टी नेपालबाट किसन भुजेल, मङ्गोल नेशनल अर्गनाइजेशनबाट रनबहादुर खवास, नेकपा (एकीकृत समाजवादी)बाट कलिला खातुन, राप्रपाबाट राजु गोतामे र राष्ट्रिय जनमुक्ति पार्टीबाट खेमबहादुर गुरूङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

तनहुँ क्षेत्र नं २ प्रदेशसभा १ तर्फ एमालेबाट श्यामराजा महत, माओवादी केन्द्रबाट राजेन्द्रकेशरी न्यौपाने, मौलिक जरोकिलो पार्टीबाट टोलराज वाग्ले, मङ्गोल नेशनल अर्गनाइजेशनबाट सुमन थापामगर, एकीकृत समाजवादीबाट दुर्गाकुमार श्रेष्ठ, राप्रपाबाट रेशमराज अधिकारी, राष्ट्रिय जनमुक्ति पार्टीबाट नेत्रबहादुर थापा, जनसमाजवादी पार्टी नेपालबाट रामबहादुर विश्वकर्मा चुनावी प्रतिस्पर्धामा छन् ।

तनहुँ क्षेत्र नं २ प्रदेशसभा २ तर्फ एमालेबाट केदार सिग्देल, कांग्रेसबाट जितप्रकाश आलेमगर, मङ्गोल नेशनल अर्गनाइजेशनबाट नमबहादुर राना, एकीकृत समाजवादीबाट प्रतापलाल श्रेष्ठ, राप्रपाबाट श्यामकुमारी राई, राष्ट्रिय जनमुक्ति पार्टीबाट धनबहादुर गुरूङ चुनावी प्रतिस्पर्धामा छन् ।

**दुई लाख ४८ हजार मतदाता**

आसन्न निर्वाचनमा तनहुँबाट दुई लाख ४८ हजार ४९५ मतदाता सहभागी हुँदैछन् । गत जेठ महिनादेखि यता चार हजार १५५ नयाँ मतदाता थपिएपछि उक्त संख्या पुगेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले बताए । विसं २०७९ को वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा दुई लाख ४४ हजार ३४० मतदाताले मतदान गरेका थिए ।

**अस्थायी मतदान केन्द्र**

यस्तै, आगामी मंसिर ४ गते हुन गइरहेको संघीय तथा प्रदेशको निर्वाचनमा मतदान केन्द्र, मतदानस्थलको साथै अस्थायी मतदान केन्द्र रहने छ । सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, कैदीबन्दी र आश्रममा रहेका ज्येष्ठ नागरिकका लागि लक्षित गरी अस्थायी मतदान केन्द्र स्थापना गर्न लागेको हो ।

सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीले संघीय संसद्को समानुपातिक उम्मेदवारलाई मात्रै मतदान गर्न पाउने व्यवस्था गरिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख ढकालले बताए ।

अन्यको हकमा भने संघीय र प्रदेश दुवै उम्मेदवारलाई मतदान गर्न पाउने छन् । उनले भने, 'अस्थायी मतदान केन्द्र निर्धारण गर्न बाँकी रहे पनि यस जिल्लाको हकमा बढीमा तीनदेखि चार वटासम्म हुन सक्छ ।' उक्त निर्वाचनमा यस जिल्लाबाट पुरूष एक लाख १९ हजार ६५० र महिलातर्फ एक लाख २८ हजार ८४५ जनाले मतदान गर्दै छन् ।

आवश्यकताको आधारमा निर्वाचन आयोगलाई अस्थायी मतदान केन्द्रको लागि सिफारिस गरी पठाइनेछ । उनले भने, 'मतदान गर्नबाट कोही पनि नछुटून भनी आयोगले यस किसिमको कार्य व्यवस्था गरेको छ ।'

जिल्लाका ८५ वडामा गरी १४२ मतदानस्थल र ३०५ मतदान केन्द्रको व्यवस्था गरिएको छ । तनहुँका दुई निर्वाचन क्षेत्रमा छ पदका लागि विभिन्न राजनीतिक दल तथा स्वतन्त्रबाट गरी ५७ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।

www.bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४